दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १९१ | बुटवल | २०८१ असार २४, गते सोमबार | नेपाल संवत ११४४ | Monday July 08, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# कुवेत जाने प्रलोभनमा परेका ६ महिलाको उद्धार

मोहमद हबिब
*भैरहवा*



कुवेत पठाइदिने प्रलोभनमा पारी भारतीय भूमिमा पुऱ्याइएका ६ जना नेपाली महिलाको सकुशल उद्धार गरी परिवारको जिम्मा लगाइएको छ। जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले आफन्तलाई बोलाएर उद्धार गरिएका महिलाहरुलाई जिम्मा लगाइएको हो।

नेपाल-भारत सिमा नजिकै भारतीय एक पसलमा नेपाली चेलीहरुलाई कहाँ कसरी पुऱ्याउने दलालले प्रपञ्च मिलाउँदै गर्दा भारतीय प्रहरी एसएसबीको समन्वयमा सशस्त्र सीमा सुरक्षा कार्यालय भैरहवाको टोलीले असार १८ गते उद्धार गरी माइती नेपालको संरक्षणमा राखिएको थियो। उनीहरुलाई परामर्शपछि आफन्तको जिम्मा लगाइएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए। प्रमुख जिल्ला अधिकारी अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्याल, रुपन्देही प्रहरी प्रमुख एसपी रञ्जितसिंह राठौर, सशस्त्र प्रहरी बल नम्बर २७ गण, रुपन्देही प्रमुख एसपी आनन्द थापालगायतको उपस्थितमा उद्धार गरिएका महिलालाई ४ दिनसम्म माइती नेपालको आश्रयमा राखेपछि परिवारका सदस्य बोलाएर शुक्रबार आफन्तको जिल्ला लगाइएको छ।

उनीहरुलाई परिवारको जिम्मा लगाउँदै वैदेशिक रोजगारीमा जानु अघिका सबै प्रक्रियाका बारेमा जानकारी दिनु पर्ने, आफू कुन देश जाँदैछु, के कामका लागि जाँदैछु भन्ने कुरा बुझेर मात्र निर्णय लिनुपर्ने प्रजिअ अर्यालले सुझाव दिए। खाडी मुलुकमा घरेलु कामदारको रुपमा जाने महिलाहरुको जीवन जोखिममा पर्न सक्नेतर्फ प्रजिअ अर्याललेले परामर्श दिएका थिए। मानव बेचबिखनका घटना न्यूनीकरण र दोषीलाई कानुनी दायरामा ल्याउन पीडितहरुको प्रतिबद्धता अनिवार्य हुने प्रजिअ अर्यालले स्पष्ट पारेका थिए।

खाडी मुलुकमा भिजिट भिसामा महिलाहरुलाई लैजाने र घरेलु कामदारका रुपमा उनीहरुलाई बेचिदिने, जोखिम बढेपछि नेपाल सरकारले यसमा रोक लगाएको छ।

यसैको फाइदा उठाउँदै वैदेशिक रोजगारका दलालहरुले नेपाली महिलाहरुलाई भारतको बाटो हुँदै अवैध रुपमा खाडी मुलुकसम्म पुऱ्याउने गरेका छन् । भारतबाट उद्धार गरिएका महिलाहरुमा २२ देखि ३७ वर्ष उमेर समूहका ६ जना छन् । उनीहरुलाई असार १८ गते नेपाल-भारत सीमा क्षेत्रस्थित भारतको सिद्धार्थनगर झिगरीग्राम पञ्चायतबाट उद्धार गरिएको थियो । दलालले कुवेत पठाउँछु भनेर ती महिलाहरुलाई लामो समय काठमाडौंमा राखेर त्यसपछि रुपन्देही ल्याएर यहाँबाट भारत पुऱ्याएका थिए।

उद्धार गरिएका उनीहरुलाई पनि कुवेतमा मासिक ४० हजार तलब दिलाइदिने आशा देखाएर घरको काम लगाइदिने भन्दै दलालले काठमाडौंका होटलमा एक महिनादेखि राखेर नवलपरासी हुँदै भारत पुऱ्याएको थियो । यसरी सिमाबाट नेपाली चेलीलाई अवैध बाटो हुँदै लैजाने यो पहिलो घटना भने होइन। नेपाली महिला तथा बालबालिका यसको उच्च जोखिममा छन् भन्ने प्रहरीको तथ्यांकले पनि पुष्टी गर्छ। माइती नेपाल आवधिक गृह भैरहवा प्रमुख माया क्षेत्रीले वैदेशिक रोजगारीका नाममा केही समय अगाडि काठमाडौं गोङ्गबुस्थित एक घरमा राखेर भारतको बाटो हुँदै महिलाहरुलाई लैजान लागेको बुझिन आएको बताइन्। उनले भनिन्-'घटना प्रकृति हेर्दा बेचबिखनका लागि लगिँदै गरेको देखिन्छ।'

उद्धार गरिएका उनीहरु वैदेशिक रोजगारीका विषयमा अनविज्ञ रहेकोले, उचित परामर्श र संरक्षण प्रदान गरिएको क्षेत्रीले बताइन्।

महिला सेलको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ मा मात्र नेपाल-भारत सिमानाकाबाट १ सय १९ जनाको यसअघि नै उद्धार गरिएको छ भने भारतका विभिन्न स्थानबाट ३० जनाको उद्धार गरिएको छ। जसमा महिला तथा बालबालिकाको संख्या बढी छ।

रुपन्देही, रोल्पा, कपिलवस्तु, पर्वतलगायतका जिल्लाका ६ जना महिलाहरुलाई दलालले काठमाडौंका होटलमा केही समय राखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुऱ्याएर फर्काएको उद्धार गरिएका ति महिलाहरुले बताएका छन् ।'काठमाडौं एयरपोर्टबाट फर्काएपछि तिमीहरुको भिसा भारतमा आउँछ उतैबाट जाने भन्दै भुमही-नवलपरासी हुँदै भारत पुरायो।'- उद्धार गरिएकी रुपन्देहीकी विनिता (नाम परिवतर्न) ले भनिन् ।वैदेशिक रोजगारीको नाममा भारतीय अवैध बाटो हुँदै नेपाली चेलीहरुलाई खाडीका विभिन्न मुलुकमा पुऱ्याउने प्रचलनलाई निमूर्ल पार्नका लागि रुपन्देही प्रहरी सक्रिय रुपमा लागेको रुपन्देहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रंजित सिंह राठौरले बताए। यस घटनाका विषयमा थप अनुसन्धान भइरहेकोले घटनामा संलग्न व्यक्ति छिट्टै पक्राउ पर्ने एसपी राठौरले जानकारी दिए। घटना मानव बेचबिखन व्युरो काठमाडौंमा जानकारी गराउने र दोषीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता उनले जनाए। महिलाहरुले आफूहरुलाई यहाँसम्म ल्याउने दलालबारे जानकारी गराएकाले तत्काल नाम गोप्य राखेर अनुसन्धान गरिरहेको जानकारी उनले दिए। 'प्रहरीले सुक्ष्म अनुसन्धान सुरु गरेको छ। वैदेशिक रोजगारीको नाममा महिलाहरुलाई अवैध बाटोबाट भारत पुऱ्याउने व्यक्ति तथा म्यानपावर जोसुकै भए पनि कारबाही हुन्छ।'-उनले भने।

» बाँकी ३ पेजमा

# विपद् जोखिम बढ्यो, एक महिनामा ६२ को मृत्यु



बुटवल । मनसुन सुरु भएयता बाढी, पहिरो, चट्याङजस्ता मनसुनजन्य विपद्का कारण ६२ जनाको मृत्यु, चार जना बेपत्ता र ९० जना घाइते भएका छन्। गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले उक्त तथ्याङ्कबारे आइतबार जानकारी गराएको हो । केन्द्रका अनुसार यस अवधिमा बाढीका कारण मोरङमा एक, दाङमा तीन, कैलालीमा एक, काभ्रेपलाञ्चोकमा दुई, उदयपुरमा एक, पाल्पामा एकगरी नौ जनाको मृत्यु भएको छ। बाढीकै कारण दुई जना बेपत्ता छन्। पाँच घरमा पूर्णरूपमा क्षति पुगेको छ। ११ घरमा आंशिक क्षति भएको छ। पहिरोका कारण ३४ जनाले ज्यान गुमाएका छन्। पहिरोले दुई जना बेपत्ता र ३८ जना घाइते भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। पहिरोले ४३ घर पूर्णरूपमा क्षति भएको छ। २४ घरमा आंशिक क्षति पुगेको छ। १९ वटा गोठमा क्षति भएको छ भने १२ जना घाइते भएका छन्। ११ घर पूर्ण रूपमा र छ घर आंशिक रूपमा क्षतिग्रस्त छन्। बाढी र पहिरोले हालसम्म आठ करोड छ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ। चट्याङ्बाट १९ जनाको मृत्यु र ३५ जना घाइते भएका छन्। "बाढी, पहिरो, डुबान, चट्याङजस्ता मनसुनजन्य घटना अझैं बढ्दो क्रममा छ, क्षति न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेका छौं", प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले भने-"यस वर्ष सरदरभन्दा बढी पानी पर्ने र १८ लाख मानिस प्रभावित हुने आँकलन गरिएको छ, तसर्थ सतर्कता अपनाउन जरूरी छ।" उनका अनुसार यस वर्षको मनसुन अवधिमा चार लाख १२ हजार घरधुरी मनसुनजन्य विपद्मा पर्ने आँकलन गरिएको छ। जल तथा मौसम विज्ञान विभागका प्रवक्ता सुनील पोखरेलले सोमबारदेखि मुलुकभर बाढीको जोखिम कम हुने जानकारी दिए । "आइतबार दिउँसो २ बजेसम्मको तथ्याङ्कअनुसार कुनै पनि नदी बाढीको खतरा तहमा पुगेको छैन, मुलुकको विभिन्न नौ वटा नदीहरू सतर्कता तहमा छ", उनले भने-"क्रमिक रूपमा नदीमा पानीको प्रवाह घटिरहेको छ, भोलिदेखि बाढीको खतरा तत्कालका लागि टर्नेछ।"

गृह मन्त्रालयको नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टलअनुसार एक सातामा मुलुकको एक सय १० स्थानमा पहिरो गएको छ। बाढी जस्तै पहिराको पूर्वसूचनालाई प्रभावकारी बनाउन आवश्यक रहेको भू-गर्भविद् डा. सुवोध ढकालले बताए। "राजमार्गमा पहिराको सम्भावना बढी हुने भएकाले यात्रा गर्दा विशेष ध्यान दिऊ। जमिन चिरा देखिएमा तत्काल खाँदेर पुर्ने र पानी तर्काउने काम गरौं, नसकेमा सुरक्षित स्थानमा बस्ने, जथाभावी भल बग्ने गरेको छ भने सामान्य कुलो बनाई पानीलाई एकीकृत गरी तर्काउनुपर्छ", उनले भने-"तपाईं बस्ने स्थानमा पहिले पहिरो गएको छ भने निरन्तर निगरानी गर्ने, सुरक्षित स्थानमा बस्ने, जमिन अथवा पहरोमा अनौठो किसिमको कटकट आवाज सुनियो भने पहिरोको संकेत हुनसक्ने भएकाले सतर्क रही सूचना दिनुपर्छ।"

उनका अनुसार सुकिसकेका कुवा धारामा एक्कासी पानी आउन थाल्यो वा पानी आउने धारा कुवामा पानी सुक्न थाल्यो भने जमिन हलचलको सङ्केत हुनसक्छ।

# पाल्पामा दुइको मृत्यु

पाल्पा । अविरल वर्षाको कारण पाल्पामा दुई जनाको मृत्यु भएको छ भने दर्जनौ घर गोठ पहिरोले पुरिएको छ। माथागढी गाउँपालिका वडा नं. ६ का गोठादी महिला चौरकी ६० वर्षीया रीमा सरा रानाको स्थानीय खोलाले बगाएर मृत्यु भएको हो।

घर नजिकैको चिरतुङ्गखोलाले बगाउँदा रानाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी सुगन्ध श्रेष्ठले जानकारी दिए। गोठादीको सातपोखरी घर फर्किनेक्रममा चिरतुङ्गखोला तर्दा रानालाई बगाएको थियो। रानाको शव २ सय मिटर तल खोलामा भेटिएको थियो।

चिसोले कठाङ्ग्रिएर तानसेनमा एक जना पुरुषको मृत्यु भएको छ । तानसेन नगरपालिका वडा नं. ५ का ४२ वर्षीय शेरबहादुर वि.क.को अत्याधिक मदिरा सेवन गरी झरीमा रुझेर मृत्यु भएको पाल्पा प्रहरीले जनाएको छ।

अविरल वर्षाको कारण पाल्पाका अधिकांश ग्रामीण सडकहरु बन्द हुँदा सदरमुकाम आउजाउ गर्ने सवारी साधनहरु चल्न सकेका छैनन् । ग्रामीण क्षेत्रको यातायात अवरुद्ध हुँदा गाउँ-गाउँबाट सदरमुकाममा दूध, तरकारी तथा खसी बोकाहरु ढुवानी हुन सकेको छैन। पाल्पामा अविरल वर्षाको कारण १० घर गोठमा पूर्ण क्षती पुगेको छ भने १५ घरहरु जोखिममा परेका छन् । गोठ पुरिएर ५ पशु चौपाया पुरिएर मरेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए । स्थानीय सरकारले आ-आफ्नो पालिकामा बाढी र पहिरोले पारेको क्षतीको विवरण संकलन गरिरहेको बताएका छन्।

# प्रदेशले भुक्तानी रोकेपछि निर्माण व्यवसायी मारमा




गुल्मी। लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयअन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालयले शनिबार साँझ अप्रत्यासित रुपमा आर्थिक वर्ष समापनको मुखैमा आएर प्रदेश सरकारअन्तरगतका योजना र कार्यक्रमको रकम भुक्तानी रोक्न पत्राचार गरेपछि गुल्मी जिल्लामा झण्डै ५० करोड रकम भुक्तानी रोकिन पुगेको छ।

यसबाट निर्माण व्यवसायी, उपभोक्ता समिति र मजदुर वर्ग ठूलो मर्कामा परेर शनिबार साँझदेखि तनावग्रस्त बनेका छन् । प्रदेशको ठूलो बजेट आउने सडक पूर्वाधार कार्यालयमा आइतबार बिहानैदेखि निर्माण व्यवसायीहरु हुल बाँधेर पुग्दै आक्रोस व्यक्त गर्दै थिए।कोष तथा लेखा नियन्त्रकको कार्यालय गुल्मीका अनुसार चालुतर्फ ७६. १९ प्रतिशत र पुँजीगततर्फ ७०.९ प्रतिशत खर्च भएको छ भने बाँकी रकम खर्च भएको छैन । त्यस कार्यालयका सूचना अधिकारी तथा कोष नियन्त्रक नारायण अर्यालले दिएको विवरणअनुसार चालुतर्फ १८ करोड ६२ लाख ४७ हजार ८ सय ९४ रुपैयाँ खर्च हुन बाँकी छ।

त्यस्तै विकास निर्माणमा खर्च हुने पुँजीगत बजेट ३९ करोड ८१ लाख ५३ हजार ८ सय ४६ रुपैयाँ खर्च हुन सकेको छैन। भुक्तानीका लागि अझैं ६० वटा योजना असार २२ गतेसम्म सिस्टममा आउन नसक्दा भुक्तानी रोकिन पुगेको हो । टिसिएमा आइ दर्ता भएका योजनाले भने भुक्तानी पाउने छन्।

सडक पूर्वाधार कार्यालयका प्रमुख सचितानन्द चौधरीले झण्डै १० करोड त्यस कार्यालयबाट भुक्तानी गर्न बाँकी रहेको बताए। त्यस्तै खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख अनुज उपाध्यले करिव ६ करोड भुक्तानी गर्न बाँकी रहेको जानकारी दिए।

जलश्रोत तथा सिँचाइ डिभिजन कार्यालय प्रमुख भरत सापकोटाले करिव ४ करोड भुक्तानी गर्न बाँकी रहेको र कृषि ज्ञान केन्द्र प्रमुख नवराज भण्डारीले करिव ८० लाख भुक्तानी दिन बाँकी रहेको बताए।

सबै कार्यालय प्रमुखहरुले प्रदेश सरकारबाट अप्रत्यासित रुपमा आएको पत्रले ठूलो समस्या निम्ताएको बताए । त्यस्तै धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले प्रदेश सरकारको यस्तो निर्णयले विशेष गरी मजदुर वर्ग ठूलो समस्यामा पर्न भएकाले तत्काल प्रदेश सरकारले उक्त निर्णय सच्याउनुपर्नेमा जोड दिए।

यसबाट निर्माण व्यवसायी र मजदुरहरु ठूलो मर्कामा परेकोले सम्बन्धित निकायले गरेको निर्णय फिर्ता लिनुपर्ने माग निर्माण व्यवसायी संघ गुल्मीका अध्यक्ष नारायण पोखरेलले गरेका छन्।

» बाँकी ३ पेजमा



२०८१ असार २४, गते सोमबार
Monday July 08, 2024

दैनिक लुम्बिनी

## सम्पादकीय

# केन्द्रको छायाँमा प्रदेश

केन्द्रमा सत्ता समीकरण छिटो-छिटो फेरिने प्रवृत्तिले प्रदेश सरकारलाई सताएको छ। केन्द्रमा सत्ता फेरबदलको असर प्रदेशलाई पर्दा अस्थिरता बढेको छ। प्रदेशमा बढेको अस्थिरताले संघीयता कार्यान्वयन जटिल भएको छ।

लुम्बिनी प्रदेशको छैठौं मुख्यमन्त्रीमा नियुक्त भएको तीन महिना नपुग्दै मुख्यमन्त्री जोगबहादुर महराको कुर्सी हल्लिएको छ। ११ महिना अघि आफैँले समर्थन गरेका डिल्ली चौधरीलाई हटाएर मुख्यमन्त्री हुन सफल भएका महरा सहयात्री दल एमालेले समर्थन फिर्तालिएपछि अल्पमतमा परेका छन्। राजीनामा दिन माग गर्दै एमालेले सरकारबाट मन्त्रीहरुलाई फिर्ता बोलाएको छ। केन्द्रमा कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार महरालाई हटाएर एमालेले प्रदेश सरकारको नेतृत्व गर्ने तयारी थालेको छ। लुम्बिनी प्रदेशमा झैँ अन्य प्रदेशमा पनि सरकार फेरबदलको प्रक्रिया सुरु भएको छ।

छिटो-छिटो सरकार फेरिने प्रक्रियाले प्रदेशको संस्थागत आधार दरिलो बन्न सकेको छैन। २०७४ सालमा भएको पहिलो चुनावपछिको पाँच वर्षे कार्यकालमा दुई मुख्यमन्त्री भएका थिए भने दोस्रो चुनावपछि दुई वर्ष गुजार्दै गर्दा तीन मुख्यमन्त्री भइसकेका छन्। चौथो मुख्यमन्त्रीका लागि प्रक्रिया अघि बढ्दै छ। राजनैतिक नेतृत्व अस्थिर बन्दा कर्मचारी प्रशासन कामयावी हुन सकेको छैन। केन्द्रबाट खटाइएका सचिवहरु बाध्यताले बस्ने र सकेसम्म छिटो पायक मिलाएर सरुवा हुने प्रवृति छ। दरबन्दीअनुसार कर्मचारी आपूर्ति हुन नसकिरहेको बेला प्रदेश संरचनाप्रति अपनत्व लिएर काम गर्ने नेतृत्व नहुँदा त्यसको असर पर्नु स्वाभाविकै हो।

संघीय संसदमा पनि कुनै दलको बहुमत नआउँदा दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनुपर्ने बाध्यता छ। सत्ता सहयात्री प्रमुख दलबीच खटपट भए समिकरण बदलिने सामान्य झैँ भएको छ। केन्द्रमा सरकार फेरिने बित्तिकै त्यसको असर पर्दा केन्द्रको छायाँमा प्रदेश परेको छ। केन्द्रको अस्थिरताको असरले प्रदेशको औचित्व स्थापित गर्न कठिन भइरहेको छ। अस्थिरता हुँदा प्रदेश सरकारले काम गर्नै सकेनन्। छिटो-छिटो सरकार फेरिँदा आम नागरिकमा प्रदेश संरचनाप्रति नकारात्मक मनोविज्ञान तयार भएको छ।

स्थानीय तहका सरकार पाँच वर्ष ढुक्कले चल्न पाउँछन्। यस तहका जनप्रतिनिधि प्रत्यक्ष निर्वाचित हुने संवैधानिक व्यवस्था भएकाले केन्द्रको अस्थिरताको प्रभावबाट मुक्त छन्। प्रदेश सरकारको गठनको मोडल संघीय सरकारकै मोडल संसदीय व्यवस्था भएकाले प्रत्यक्ष प्रभाव परेको हो। केन्द्रको असरबाट मुक्त बनाउन सक्दा प्रदेशले औचित्य स्थापित गर्न सहज हुनसक्छ। तर अहिले नै त्यो संभव छैन। दलीय व्यवस्थामा पार्टीका तल्ला कमिटी केन्द्रबाट नै निर्देशित हुन्छन्। केन्द्रले समग्र पार्टीलाई निर्देशित गर्ने भएकाले केन्द्रको निर्देशन नमान्न पाइन्न। राजनैतिक नेतृत्व फेरबदल भइरहे पनि प्रदेशलाई नागरिकले अपनत्वबोध गराउने काममा केन्द्रले सहजीकरण गर्नुपर्छ। प्रदेशलाई अपनत्वबोध गराउनु भनेको प्रदेश सरकारप्रति लगाव बढाउनुमात्रै होइन्, संविधानप्रति अपनत्व बढाउनु हो।

# धान बालीमा सिँचाइ र मलको अभाव



विश्वनाथ खरेल

यसलाई हेर्ने हो भने एकातिर वर्षा अभाव देखिएको छ भने अर्कोतिर हेर्ने हो भने धेरै कृषकले समयमा मल र खेताला अभावले रोपाइँ गर्न नसकिएको बुझिएको छ। अतः धानको उत्पादनलाई दृष्टिगत गर्ने हो भने बाग्मती प्रदेश सरकारले खाद्यान्नमा आत्मनिर्भर बन्दै अन्य प्रदेश र विदेशमा समेत खाद्यान्न निर्यात गर्ने लक्ष्य राखेको छ। मुलुककै कुल गार्हस्थ्य उत्पादनमा बाग्मती प्रदेशले सबैभन्दा बढी योगदान दिँदै आएको छ।

हाम्रो मुलुकमा अझैं पनि खेतीयोग्य जमिनको एकतिहाइ क्षेत्रमा मात्रै वर्षैभरि सिँचाइ पुग्ने गरेको सम्बन्धित क्षेत्रको तथ्यांकले देखाएको छ। सिँचाइको तथ्यांकलाई अवलोकन गर्ने हो भने झन्डै ५ लाख हेक्टरमा मात्रै हिउँद, वर्षा र चैते सिजनमा सिँचाइ पुग्ने देखिन्छ। यसबाहेक अरू स्थानमा भने खोलामा पानी भए सिँचाइ पुऱ्याउन सकिने, नभए खेती गर्न नै समस्या हुने गरेको सरकारी तथ्यांकले नै पुष्टि गर्छ। फलतः राष्ट्रको कुल क्षेत्रफल १ करोड ४७ लाख १८ हजारबढी मध्ये कृषियोग्य २६ लाख ४१ हजार हेक्टर अर्थात् १७ दशमव ९४ प्रतिशत भूमि रहेको छ। त्यसमध्ये सिँचाइयोग्य जमिन १७ लाख ६६ हजार हेक्टरमा अर्थात् ६६ दशमव ८७ प्रतिशत मात्र सीमित रहेको छ। जहाँ धान, गहुँ, जौजस्ता प्रमुख खाद्यान्न बाली लगाउने जमिनलाई मात्र खेतीयोग्यमा राखिएको छ।

मुलुकमा धानको रोपाइँ गर्ने मुख्य महिना भनेको असार र साउन हो। यी दुई महिनामा मुलुकभर नै रोपाइँ कार्य सम्पन्न गरिसक्नुपर्ने हुन्छ। यसमा पनि साउनको मध्यसम्ममा रोपाइँ कार्य सुसम्पन्न गरेको खण्डमा अझैं धानको उत्पादनमा वृद्धि हुने कुरासमेत विज्ञहरूले भन्दै आएका छन्। फलतः विश्वमा ब्राजिलपछि जलस्रोतको दोस्रो स्थान राख्ने कृषिप्रधान मुलुकमा कृषकहरूले बर्सेनि पानी तथा मलको अभावमा रोपाइँ गर्न पाउँदैनन्। यसपटक पनि यस्तै अवस्था भएको छ। तर, विडम्बना के भने सिँचाइ तथा मलको अभावका कारण धेरै खेत बाँझै रहेका छन्। मुलुकको अन्न भण्डारका रूपमा चिनिने तराईको हालत पनि अकासे पानीलाई कृषकहरूले हेर्नुपर्ने स्थितिमा छ। यसर्थ, धानलाई आवश्यक पर्ने पर्याप्त मात्रामा पानी नपरेर जेठ महिना पनि टऱ्यो। यसरी गत १० असारसम्म देशव्यापी रूपमा ७ प्रतिशत मात्र स्थानमा रोपाइँ भएको अनुमान एकातिर छ भने अर्कोतिर रोपिएको धानको रोपो सुक्दै गएको स्थिति विभिन्न भागमा देखापरेको छ।

हाम्रो मुलुकमा यस साल गत १२ असारदेखि मनसुन भित्रिए पनि धान रोपाइँ सुदूरपश्चिम प्रदेशलगायत केही पहाडी भेगमा भएको छ भने तराईमा भने रोपाइँ हुनसकेको छैन। जुन अकासे पानीको भरमा रोपाइँ गरिने अधिकांश क्षेत्रमा कम वर्षाका कारण गत वर्षको तुलनामा धान रोपाइँ घट्ने अनुमान गर्न सकिन्छ। यस साल भने २६ जुनदेखि मनसुन भित्रिने सरदर मिति भएकामा २६ जुनमा नै मनसुन भित्रिए पनि गत वर्षको तुलनामा अहिलेसम्म ७ प्रतिशत कम रोपाइँ गरिएको अनुमान छ। यस वर्षको मनसुन अवधिमा मुलुकभर औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिए पनि अहिलेसम्मको अवस्थालाई हेर्दा धान बालीका लागि मनसुन अनुमान गरिएअनुरूप सुखद् नरहेको कृषि विज्ञहरूको विश्लेषण छ।

तर, ढिलो रोपाइँ हुँदा उत्पादन ह्रास हुनसक्ने विज्ञको भनाइ छ। त्यसरी नै मुलुकको धान बालीलाई अवलोकन गर्ने हो भने गत वर्ष १४ लाख ३८ हजार ९ सय ८९ हेक्टरमा धान रोपाइँ भएको थियो। त्यसअघिको आर्थिक वर्ष २०७९/८० मा १४ लाख ४७ हजार ७ सय ८९ हेक्टरमा रोपाइँ भएको थियो। जुन केन्द्रको तथ्यांकनुसार गत वर्ष अघिल्लो भन्दा २ प्रतिशतले धान रोपाइँ कम भएको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकनुसार गत वर्ष १४ लाख ३८ हजार ९ सय ८९ हेक्टरमा रोपाइँ भएको थियो। चालू आवमा ५७ लाख २४ हजार २ सय ३४ टन धान उत्पादन भएको छ। अघिल्लो वर्ष ५४ लाख ८६ हजार ४ सय ७२ टन धान उत्पादन भएको थियो। गत वर्षभन्दा यस वर्ष २ लाख ३७ हजार ७ सय ६२ टन धान बढी उत्पादन भएको थियो। यसलाई प्रतिशतका आधारमा भन्दा ४ दशमलव ३३ प्रतिशतले धान वृद्धि भएको हो। सो मन्त्रालयका अनुसार विगत ४ वर्षको औसत उत्पादनको तुलनामा या ५ दशमलव शून्य ८ प्रतिशतले बढी हो।

धान बालीको औसत उत्पादकत्व गत आवको तुलनामा ४ दशमलव ९७ प्रतिशतले वृद्धि भई ३ दशमलव ९८ टन प्रतिहेक्टर पुगेको छ। जुन धान उत्पादनमा वृद्धि भए पनि गत वर्षभन्दा कम क्षेत्रफलमा धान रोपाइँ भएको थियो। आव २०७९/८० मा १४ लाख ४७ हजार ७ सय ८९ हेक्टरमा रोपाइँ भएको थियो भने चालू आवमा १४ लाख ३८ हजार ९ सय ८९ हेक्टरमा रोपाइँ भएको थियो। गत वर्षभन्दा ८ हजार ८ सय हेक्टर क्षेत्रमा कम रोपाइँ भएको थियो। तर, धान उत्पादनमा भने वृद्धि भएको छ। त्यसरी नै उत्पादकत्वतर्फ अवलोकन गर्ने हो भने पनि अघिल्लो आव ३ दशमलव ८० प्रतिशत प्रतिहेक्टर उत्पादन भएको थियो भने चालू आवमा शून्य दशमलव २८ ले वृद्धि भइ ३ दशमलव ८२ प्रतिशत प्रतिहेक्टर मेटन भएको अनुमान छ। हाल आएर सिँचाइ अभावका कारण १० असारसम्म जम्मा ७ प्रतिशत धान रोपाइँ भएको कृषि विभागले जनाएको छ।

नेपाल सरकारको जलस्रोत तथा सिँचाइ विभागको भनाइ के छ भने वर्षायाममा करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ पुऱ्याउने जानकारी एकातिर छ भने अर्कोतिर यस वर्षको वर्षायाममा १५ लाख ३१ हजार ६९ हेक्टर जमिनमा सिँचाइ पुऱ्याइएको विभागका प्रवक्ताले जानकारी दिएका थिए। अतः यस सालको राष्ट्रिय धान दिवसको नारा भने ‘जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि’ भन्ने मुख्य नाराको साथै २१औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८१ मनाउने रूपमा रहेको छ। फलतः कृषिप्रधान देश नेपालमा धान खेतीलाई सुनको बालाको खेती पनि भनिन्छ। यसले नेपालको विशाल जनसंख्यालाई भोकमरीबाट बचाएको छ। धान खेतीले नेपालीलाई रोजगारी पनि दिएको छ। नेपालीका लागि धान नै जीवन हो।

यसै कारणले गर्दा चामल नै जीवनको आधार हो। जुन एसियाली मुलुकहरूमा नै खाद्यान्न भनेको धान, चामल भन्ने बुझिन्छ। जसलाई हेर्ने हो भने विश्वका आधाभन्दा बढी जनसंख्याको प्रमुख आधार नै चामल हो। अझ भन्ने हो भने धानले एसियालीहरूलाई एकैसाथ ल्याउन सेतुको काम पनि गरिरहेको छ। मूलतः कोभिड १९ का कारण रोजगारी गुमेपछि अधिकांश बाँझो रहेका खेतीमा रोपाइँ गर्न थालिएको सम्बन्धित क्षेत्रको भनाइ रहेको पाइन्छ। यसर्थ, मन्त्रालयको भनाइअनुसार यस वर्ष मुलुकभर रोपाइँयोग्य खेतको क्षेत्रफल करिब १ लाख ३२ हजार हेक्टर बढेको अनुमान रहेको छ।

समग्रमा भन्नुपर्दा मुलुकलाई कृषिप्रधान मुलुक मात्रै भनिँदैन, विश्वमा ब्राजिलपछिको दोस्रो स्थानमा रहेको पानीको धनी राष्ट्र भनेर पनि चिनाइन्छ। तर, विडम्बना यहाँका कृषकले पानी अभावमा समयमै रोपाइँ गर्न पाउँदैनन्। उनीहरूले अकासे पानीको भरमा दुई तिहाइ जमिनमा रोपाइँ गर्नुपर्ने बाध्यता छ। रोपाइँ भइहाले पुनः सिँचाइ गर्न पानी पाइँदैन। यसका साथसाथै खडेरीको मारमा किसान बर्सेनि पिरोलिन्छन्। यसका अलावा सिँचाइ आयोजना निर्माण सुरु हुन्छन्, तर समयमा सकिँदैन। सबै समस्या ज्यूँका त्यूँ हुँदा पनि सरकार कृषकप्रति उत्तरदायी बनेको देखिँदैन। यस वर्षको मौसमको पूर्वानुमान गर्ने जल तथा मौसम विज्ञान विभागका अनुसार सबैभन्दा कम वर्षा मधेस प्रदेशमा भएको देखिएको छ।

त्यसैगरी, १ जुनदेखि ९ अगस्ट २०२२ सम्म सो प्रदेशमा ५ सय १५ मिलिमिटर पानी परेको थियो। यसलाई हेर्ने हो भने एकातिर वर्षा अभाव देखिएको छ भने अर्कोरित हेर्ने हो भने धेरै कृषकले समयमा मल र खेताला अभावले रोपाइँ गर्न नसकिएको बुझिएको छ। अतः धानको उत्पादनलाई दृष्टिगत गर्ने हो भने बाग्मती प्रदेश सरकारले खाद्यान्नमा आत्मनिर्भर बन्दै अन्य प्रदेश र विदेशमा समेत खाद्यान्न निर्यात गर्ने लक्ष्य राखेको छ। मुलुककै कुल गार्हस्थ्य उत्पादनमा बाग्मती प्रदेशले सबैभन्दा बढी योगदान दिँदै आएको छ।

राजधानीबाट

# अकबरे खुर्सानीका १५ गुण



नेपाललाई विश्वमै परिचित गराउने खानामध्ये एक हो, अकबरे खुर्सानी। यो खुर्सानी संसारमा कहीँ पनि नपाइने, कतै पाइहाले पनि नेपालको जस्तो पिरो र स्वादिलो पाइँदैन।

यो खुर्सानीलाई डल्ले र ज्यानमारा भनेर पनि पनि चिनिन्छ। आवश्यकताभन्दा बढी खाएमा ज्यान समेत जाने हुनाले पहाडतिर यसलाई ज्यानमारा खुर्सानी भनिएको हो।

साधारणतयाः खुर्सानी पिरो स्वाद दिने फल हो। खुर्सानीको पिरो तत्वलाई क्याप्सिसिन र त्यो वनस्पतिलाई क्याप्सिकम भनिन्छ। अरु खुर्सानीको तुलनामा अकबरे पिरो र स्वादिलो हुन्छ। डल्ले खुर्सानीलाई विदेशीले पनि निकै चाख दिएर खान्छन्। यसले खानालाई पिरो मात्र बनाउने होइन, एक किसिमको छुट्टै खालको स्वाद दिने हुँदा खानाको स्वादमा नै भिन्न मिठास ल्याइदिन्छ।

स्वादका साथै यो खुर्सानीले स्वास्थ्यलाई पनि व्यापक फाइदा गर्छ। नेपाली समाजमा यो खुर्सानीलाई ग्यास्ट्रिकको दबाइ भनेर नै चिनिन्छ। वैदिशक रोजगारी र अध्ययनका लागि विदेशिएका नेपालीले सबैभन्दा मिस गर्ने चिज नै डल्ले खुर्सानी हो भनिन्छ। त्यसैले त जोकोही आफन्त नेपालबाट जाँदा उनीहरुले अकबरे मगाएका हुन्छन्।

नेपालका प्रायः सबै भू-भागमा अकबरे खुर्सानीको खेती हुने भए तापनि पहाडी जिल्लाहरूमा राम्रो उत्पादन हुन्छ। नेपालको पूर्वी पहाडी जिल्ला इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर लगायतका जिल्लामा यसको उत्पादन धेरै हुने गर्छ। तेह्रथुमबाट २०७५ सालमा ६ करोडको डल्ले खुर्सानी निर्यात गरिएको थियो। भारतका विभिन्न स्थानमा निर्यात गरिने यो खुर्सानी बहुप्रयोजनका लागि हुनाले बजार सहज पाइन्छ। प्रतिकेजी ३०० देखि ४५० सम्ममा बिक्री हुने हुँदा किसानहरु पनि यो नगदे बालीमा आकर्षित भएका छन्।

खुर्सानीको वैज्ञानिक नाम क्याप्सिकम फ्रुटेसेन्स हो भने यसलाई अंग्रेजीमा रेड सभिना पेपर हवानो पेपर अर्थात् भनेर चिनिन्छ। प्रायः भिडे खुर्सानी बाहेक सबै खुर्सानी पिरो नै हुन्छ। कुनै ज्यादा पिरो हुन्छ त कुनै कम पिरो। तर लामो खालको माछा खुर्सानी पनि खासै पिरो हुँदैन। खुर्सानी खानु केही पेटका बिमारीका लागि बेफाइदा भए तापनि यसका फाइदा धेरै छन्।

सामान्यतयाः नेपाली भन्सामा खुर्सानी व्यापक प्रयोग हुन्छ। खुर्सानीका जात पनि दर्जनौं हुन्छन्। नेपालमा अहिले डल्ले खुर्सानीको सिजन भएका कारण जहाँतहीं यही खुर्सानी देख्न सकिन्छ। यो खुर्सानी काँचो (हरियो),पाकेको, सुकेको र अचार हालेको जुन हिसाबले पनि खान सकिन्छ। यो खुर्सानी सलादमा मिसाएर खाना सकिन्छ। त्यस्तै स्पाइसी ड्रिक भनेर हार्ड ड्रिङ्कमा समेत मिसाएर खान थालिएको छ।

अन्य खुर्सानीको तुलनामा यो खुर्सानीको अलि भिन्न स्वाद हुने हुँदा जसरी खाँदा पनि उत्तम मानिन्छ। जिब्रोलाई पिरो लागे तापनि अन्य खुर्सानीले जस्तो यो खुर्सानीले पेटमा कुनै असर गर्दैन। नेपालबाट अकबरे खुर्सानीको अचारजन्य परिकार बनाएर अमेरिका तथा युरोपका विभिन्न मुलुक, अस्ट्रेलिया र मलेसिया लगायतका देशहरुमा निर्यात हुँदै आएको छ। साथै यो खुर्सानी ग्याँस्ट्रिक तथा चिसो लागेका मानिसको लागि औषधिको रुपमा पनि प्रयोग हुँदै आएको पाइन्छ।

अकबरे खुर्सानी नियमित सेवन गर्दा स्वास्थ्यलाई हुने फाइदा

- खाना पचाउने काममा विशेष सहयोग पुऱ्याएको हुन्छ।
- माइग्रेनको समस्या समाधानका लागि पनि यो खुर्सानी अति उत्तम मानिन्छ।
- नियमित यो खुर्सानी सेवन गर्नाले केही हदसम्म क्यान्सर लाग्नबाट जोगिन सकिन्छ।
- कोल्ड फ्लुबाट बचाउन पनि धेरै हदसम्म मद्दत पुऱ्याउँछ।
- हाड जोर्नीमा हुने दुखाइ कम गराउन पनि यो खुर्सानी नियमित खान सकिन्छ।
- कार्डियोभास्कुलर र हार्टको समस्या हुनबाट जोगाउनमा पनि अकबरे निकै फाइदाजनक सावित छ।
- डाइबिटिज हुनबाट जोगाउन विशेष भूमिका खेलेको हुन्छ।
- शरीरमा रेड ब्लड सेल बढाउन विशेष मद्दत पुऱ्याउँछ।
- रगतमा चिनीको मात्रा घटाउन मद्दत पुऱ्याउँछ र सुगर रोगबाट बचाउन मद्दत गर्छ।
- ग्यास्ट्रिक तथा अल्सर रोग निदान हुन मद्दत गर्छ।
- पिसाबसम्बन्धी समस्या कम गराउन सहयोग पुऱ्याउँछ।
- अकबरे हालेर पकाएको खाना किटाणु रहित हुने हुँदा कुनै पनि तरकारीमा थोरै भए पनि यो खुर्सानी हाल्नु राम्रो मानिन्छ।
- थकाइपन घटाएर शरीर चङ्गा बनाउन विशेष भूमिका खेलेको हुन्छ तसर्थ अल्छी लागेका बेला अकबरे खुर्सानी र नुन पिनेर कुनै पनि चिजसँग खान सकिन्छ।
- यो खुर्सानीमा क्याप्सिसिन पाइन्छ जसका कारण पेटसम्बन्धी मात्र होइन, अन्य रोगीलाई समेत फाइदा पुऱ्याउँछ।
- एलर्जी हुनबाट जोगाउन धेरै हदसम्म मद्दत गर्छ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो



काठमाडौँ। यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिँदा कारोबार रकम छ अर्ब नाघेको छ। नेप्सेका अनुसार परिसूचक २१ दशमलव २७ प्रतिशतले बढेर दुई हजार एक सय ४० दशमलव ९७ विन्दुमा कायम भएको हो।

तीन सय २५ कम्पनीको एक करोड ४० लाख १४ हजार छ सय २२ कित्ता शेयर ८० हजार आठ सय ३८ पटक खरिदबिक्री हुँदा रु छ अर्ब २९ लाख ३१ हजार आठ सय ५४ बराबरको कारोबार भएको छ।

विकास बैंक समूह शून्य दशमलव २४, वित्त समूह दुई दशमलव ०७ र व्यापार समूह दुई दशमलव २३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। बैंकिङ शून्य दशमलव ७८, होटल तथा पर्यटन दुई दशमलव ९६, जलविद्युत् शून्य दशमलव ०१, लगानी एक दशमलव ८५ र जीवन बीमा एक दशमलव ५२ प्रतिशतले बढेको छ।

उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त एक दशमलव ४६, म्युचुअल फण्ड शून्य दशमलव ३२, निर्जीवन बिमा एक दशमलव ३२ र अन्य समूहको उपसूचक दुई दशमलव २५ प्रतिशतले बढेको छ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव २५ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २१ करोड ७१ लाख ४८ हजार आठ सय एक बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको चार लाख ७५ हजार सात सय ३० कित्ता शेयर किनबेच भएको छ। रासस

# लायन्स क्लब अफ सिद्धार्थनगरको अध्यक्षमा अर्जुन पौडेल



भैरहवा। लायन्स क्लब अफ सिद्धार्थनगरको पद हस्तान्तरण र अवार्ड सेरोमोनी (समारोह) तथा डीजी टीम सम्मान कार्यक्रम भैरहवामा सम्पन्न भएको छ।

कार्यक्रममा क्लबको वर्ष २०२३/०२४ का अध्यक्ष रविकुमार श्रेष्ठले वर्ष २०२४/०२५ का अध्यक्ष अर्जुन पौडेललाई पद हस्तान्तरण गरेका थिए। त्यस्तै वर्ष २०२३/०२४ का सचिव कुलचन्द्र गौतमले वर्ष २०२४/०२५ का सचिव कमल ज्ञवालीलाई र वर्ष २०२३/०२४ का कोषाध्यक्ष कमल ज्ञवालीले वर्ष २०२४/०२५ का कोषाध्यक्ष रघुप्रसाद खनाललाई पद हस्तान्तरण गरेका थिए। वर्ष २०२४/०२५ का लागि अध्यक्षमा चयन भएका अर्जुन पौडेल विगत लामो समयदेखि स्वास्थ्य तथा सामाजिक क्षेत्रमा क्रियाशील छन्। उनी सिद्धार्थनगर सिटी हस्पिटल प्रा.लि. भैरहवा, रुपन्देहीका प्रबन्ध निर्देशक हुन्।

त्यस्तै क्लबको प्रथम उपाध्यक्षमा धर्मराज आचार्य, द्वितीय उपाध्यक्षमा उमेश थापा, तृतीय उपाध्यक्षमा कुलचन्द्र गौतम, मेम्बरसीप चेयरपर्सन/बिल्डिङ चेयरपर्सनमा प्रेमकुमार सेन्चुरी, क्लब सर्भिस चेयरपर्सनमा आनन्द खनाल, मार्केटिङ एण्ड कम्युनिकेशनमा खगेन्द्र शर्मा, सह-सचिवमा दिनेशमान अमात्य, टेमरमा गोकुल कंडेल, पीआरओमा कृष्ण अधिकारी, लियो एडभाइजरमा रमेश घिमिरे र नोमिनेशन चेयरपर्सनमा चन्द्रबहादुर थापा रहेका छन्।

त्यस्तै क्लबको निर्देशक (डाईरेक्टर) मा जगत खरेल, विनोद मिश्रा, मधुप्रसाद पन्थी, गंगासागर अग्रहरी, राजु न्यौपाने, प्रेम बेल्बासे, गोविन्द ज्ञवाली, प्रकाश पौडेल, टीकाराम भट्टराई र हरि ज्ञवाली रहेको नोमिनेशन चेयरपर्सन तथा लायन्स क्लब अफ सिद्धार्थनगरका पूर्वअध्यक्ष चन्द्रबहादुर थापाले जानकारी दिए। कार्यक्रममा वर्ष २०२४/०२५ का अध्यक्ष पौडेलले वार्षिक कार्ययोजना प्रस्तुत गरेका थिए। उनले सन् १९८६ मा स्थापना भएको लायन्स क्लब अफ सिद्धार्थनगर गौरवपूर्ण इतिहास बोकेको क्लब भएको बताए। उनले आफू १० वर्षअघि सदस्यको रुपमा क्लबमा प्रवेश गरेको जानकारी दिए। त्यस्तै वर्ष २०२३/०२४ का अध्यक्ष तथा क्लबका निवर्तमान अध्यक्ष रविकुमार श्रेष्ठले आफूलाई अध्यक्षको जिम्मेवारी प्रदान गरी कार्यकालमा साथ र सहयोग गर्ने सबैप्रति धन्यवाद दिए। उनले लायन्स डिष्ट्रिकले अंगीकार गरेका क्षेत्रहरु अनुसार वार्षिक कार्ययोजना बनाएर कार्यक्रमहरु गरिएको बताए।

कार्यक्रममा प्रमुख अतिथि लायन्स इन्टरनेशनल डिष्ट्रिक ३२५, नेपाल वर्ष २०२४/२०२५ का डिष्ट्रिक गभर्नर (डीजी) पुरुषोत्तम भक्त प्रधानाङ्गले अब नयाँ तरिकाले काम गर्न जरुरी रहेको बताए। उनले भने-'लायन्सले सामाजिक कार्यसँगै अब उद्यमशीलताको बारेमा सोचेको छ।' उनले एउटा क्लबले कम्तीमा पाँचजनालाई उद्यमी बनाउन सक्नु पनि सामाजिक कार्य भएको जनाए।

त्यस्तै लायन्स इन्टरनेशनल डिष्ट्रिक ३२५, नेपालका फस्ट भाइस डिष्ट्रिक गभर्नर बालाराम भट्टराईले एउटा संस्थालाई बलियो बनाउन हरेक क्षेत्रको प्रतिनिधित्व हुन जरुरी रहेको बताए। उनले भने-'लायन्स क्लब अफ सिद्धार्थनगरले धेरै क्लबहरु जन्माएको छ।'

पाष्ट डिष्ट्रिक गभर्नर नवराज न्यौपानेले लायन्सले काममा विश्वास गर्दै आएको र वर्ष २०२४/०२५ मा एरिया-५ ले इतिहास रच्ने बताए। सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष तथा लायन्स क्लब अफ सिद्धार्थनगरका सल्लाहकार ठाकुरकुमार श्रेष्ठले भैरहवामा भएका सबै लायन्स क्लबहरु मिलेर मेगा प्रोजेक्ट सञ्चालन गर्नुपर्ने स्पष्ट पारे।

लायन्स ग्याट टीम कोर्डिनेटर मीना पन्थीले ३९ वर्षको दौरानमा लायन्स क्लब अफ सिद्धार्थनगरले गरेको काम सराहनीय रहेको बताइन्।

लायन्स क्लब अफ सिद्धार्थनगरका पूर्वअध्यक्ष तथा डिष्ट्रिक एडभाइजर नेत्रप्रसाद आचार्यले सेवा गर्दा सम्मान खोज्न नहुने जनाए।

लायन्स क्लब अफ सिद्धार्थनगर लोटसकी अध्यक्ष पार्वती अधिकारीले लायन्स सिद्धार्थनगरको नयाँ टीमले अझ रचनात्मक काम गर्ने विश्वास व्यक्त गरिन्।

लायन्स क्लब अफ सिद्धार्थनगर वर्ष २०२४/०२५ का प्रथम उपाध्यक्ष धर्मराज आचार्यले यस क्षेत्रको पुरानो तथा इतिहास बोकेको लायन्स सिद्धार्थनगरले सामाजिक कार्यसँगै विपद् तथा महामारीमा उपस्थिति जनाउँदै सहयोग गर्दै आएको जानकारी गराए।

# बुटवलमा परियार सेवा समाजको प्रथम प्रदेशस्तरीय भेला




बुटवल। 'देशभरका परियारहरु एकजुट हौं' भन्ने उद्देश्यले स्थापित संस्था परियार सेवा समाज लुम्बिनी प्रदेशको प्रथम भेला बुटवलमा सम्पन्न भएको छ। परियार सेवा समाजको पाँचौ राष्ट्रिय सम्मेलन सम्पन्न गर्नका लागि लुम्बिनी प्रदेशस्तरीय भेला आयोजना गरिएको हो।

समाजका लुम्बिनी प्रदेश संयोजक कृष्ण रणपालको अध्यक्षतामा भएको कार्यक्रममा परियार सेवा समाजका निवर्तमान केन्द्रीय महासचिव तथा प्रचारप्रसार उपसमिति संयोजक धर्म परियारको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि धर्म परियारले परियार समुदायका बन्धुहरुको हकहित, एकता र उत्थानको लागि देशभरका परियारहरु एकजुट भएर लाग्नुपर्ने बताए। २१औं शताब्दीमा पनि सीप र कलाले धनी परियारहरु राज्यका हरेक निकायमा अवसरबाट वञ्चित हुन परेको बताउँदै त्यसका लागि परियार समाजको आवश्यकता रहेको उनले जनाए।

बुटवलमा भएको प्रथम लुम्बिनीस्तरीय भेलाले प्रदेश संयोजक कृष्ण रणपालको संयोजकत्वमा २७ सदस्यीय टिम चयन भएको छ। उक्त भेलाले यही साउनको १५ गतेभित्र सबै जिल्ला र प्रदेशमा अधिवेशन सम्पन्न गर्ने र भदौको १४ र १५ गते काठमाडौंमा भव्य समारोहका बीच समाजको पाँचौ राष्ट्रिय सम्मेलन सम्पन्न हुनेछ।

कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी संघका केन्द्रीय उपाध्यक्ष तथा परियार समाजका लुम्बिनी प्रदेशका अभिभावक रामकुमार रणपाल, कृष्ण घेले, जंग बुढापृथी, सरोज गौतम, सुवास परियार, सुवर्ण परियार, रामु परियार, लिला बागदास, राजु वराह र अरुणा कोइरालाले बोल्दै परियार जातिको हकहित, उत्थान, संस्थागत एकता तथा पेशागत संरक्षणका लागि देशभरका परियारहरु एक ढिक्का भएर लाग्नुपर्नेमा जोड दिए।

# पानीको सतह बढेपछि गण्डक ब्यारेजका सबै ढोका खुला



नवलपुर (नवलपरासी)। नारायणी नदीमा पानीको सतह निरन्तर बढ्दै गएपछि गण्डक ब्यारेजका सबै ढोका खोलिएका छन्। नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-७ स्थित गण्डक बाँध (ब्यारेज)का सबै ढोका खोलिएका हुन्।

गण्डक ब्यारेजमा निर्माण गरिएका ढोका बन्द हुँदा विनयी त्रिवेणी-१ बगुबन क्षेत्र डुबानमा परेपछि ब्यारेजका ३६ वटै ढोका खुला गरिएको गण्डक ब्यारेजका सम्पर्क तथा भूआर्जन अधिकृत काशिनाथ हरिजनले जानकारी दिए। गण्डक क्षेत्रमा पानीको बहाव निरन्तर बढ्दै गएपछि ब्यारेजका सबै ढोका खोलिएको उनले बताए। आइतबार बिहान ७:०० बजे गण्डक ब्यारेजमा पानीको बहाव चार लाख ४० हजार सात सय ५० क्युसेक मापन गरिएको अ ाधि क ृ त हरिजनले जानकारी दिए।

नदीमा शनिबार दिउँसोदेखि पानीको बहाव निरन्तर बढिरहेको छ। अधिकृत हरिजनका अनुसार शनिबार दिउँसो १२ बजे नदीमा पानीको बहाव एक लाख ६१ हजार क्युसेक थियो। त्यसपछि निरन्तर पानीको बहाब बढ्दो क्रममा छ। गण्डक ब्यारेजका सबै ढोका खोलिएपछि सिँचाइका लागि लगिएको नहरको ढोका बन्द गरिएको अधिकृत हरिजनले जनाए। गण्डक ब्यारेज निर्माण गर्ने बेलामा ब्यारेजको क्षमता नौ लाख क्युसेक भए पनि अहिले ब्यारेज पुरानो भएको कारण पानीको बहाव ६ लाख क्युसेकसम्म धान्न सक्ने बताइएको छ। ब्यारेजमा पानीको बहाव निरन्तर बढ्दो क्रममा छ।

**कुवेत...**

क्रसबोर्डर सुरक्षा मिटिङ्गहरुमा मानव तस्करी न्यूनीकरणका विषयमा सुक्ष्म तरिकाले छलफल हुने सशस्त्र सिमा सुरक्षा बल २७ नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक आनन्द थापाले जानकारी दिए। 'पुलिस फोर्स सिमामा हुने मानव तस्करीका घटनामा धेरै संवेदनशिल छ, शंका लागेको खण्डमा जहाँ जतिबेला पनि हामी सोधपुछ गर्छौं।'-सशस्त्र प्रहरी उपरीक्षक थापाले भने।

उद्धार गरिएकी रुपन्देहीकी विनिता (नाम परिवर्तन) लाई महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था आषिस सामाजिक सेवा नेपालले निःशुल्क ६ महिने सिलाइ कटाइ तालिम दिने र आत्मनिर्भरका लागि जागिर समेत मिलाइदिने सेवा नेपालका लुम्बिनी प्रदेश संयोजक विजया खत्रीले प्रतिबद्धता जनाइन्। यस्तै अन्यलाई रुपन्देहीका संघसंस्थाले आत्मनिर्भरको लागि रोजगारीको पहल गरिदिने आश्वासन दिएका छन्। सशस्त्रले भारतीय सुरक्षा बलको सहयोगमा रुपन्देहीको देवदह, दाङको घोराही, राप्ती, चितवनको खैरेनी, सिन्धुलीको दुधौली र सल्यान कपुरकोटका महिलालाई उद्धार गरी आफन्तको जिम्मा लगाइएको हो।

**प्रदेशले...**

भुक्तानी दिने कार्यमा कोष तथा लेखा निरीक्षकको कार्यालयले ढिलासुस्ती गरेको भन्ने आरोप छ नि भन्ने प्रश्नमा गुल्मीका प्रमुख कोष नियन्त्रक हरिहर शर्मा तिवारी भन्छन् -'हामीले शनिबार भनेका छैनौं। बिहान बेलुका नभनी काम गरिरहेका छौं। महिले कार्यालय प्रमुखहरुको बैठकमै भनेको थिए। असार २० गतेभित्र भुक्तानीका फाइल पठाउनुस् भनेर, तर धेरैले त्यो अवधिमा फाइल दिन नसक्दा ढिला हुन गएको हो। हिजो साँझ ६ बजेसम्म पनि हामी काम गर्दै थियौं। एक्कासी फोन आएर भुक्तानी रोक्ने पत्र आएको छ। हेर्नुभएन भनियो। तत्काल भुक्तानी रोक्न प्रदेशको आदेश आएपछि आदेश मान्नै पर्‍यो र रोकिएको छ।'

यस सम्बन्धमा लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव रामबहादुर केसीले संघीय सरकारले चौथो किस्ताको झण्डै दुई अर्ब रकम रोक्का गरेकाले आफूहरुले प्रदेशबाट सञ्चालित योजनाको भुक्तानी रोक्न पत्राचार गरेको जानकारी दिए। उनले यो समस्यालाई समाधानका लागि संघीय सरकारसँग फोनमा कुराकानी र पत्राचार गरिएको सम्वंतः संघीय सरकारले उक्त दुई अर्ब रकम खर्च गर्न आदेश दिएमा दूई दिनमा भुक्तानी दिने, यदि त्यसो नभए आगामी आर्थिक वर्षमा गत वर्षको दायित्वलाई पहिलै नै सम्बोधन गरेर मात्र बजेट बनाइने बताए।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

मितिः २०८१/०३/२३ को

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४५,९००

तेजाबी सुन प्रति तोला : १,४५,२००

चाँदी प्रति तोला :१,९२०

## एभरग्रिन डिष्टिलरी प्रा.ली को मूल्य सुची सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०३/२४

यस उद्योगबाट उत्पादित मदिराहरु आ.व. २०८०/२०८१ को लागि मिती २०८१/०३/२४ गते देखि लागू हूने गरी निम्न दररेट अनूसार नेपाल भरी विक्री वितरण गरिने हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

| ब्राण्डको नाम | यु.पि. शक्ति | मि.ली. | वितरक मूल्य प्रति पेटी | वितरक कमिशन प्रति पेटी | थोक विक्रेता मूल्य प्रति पेटी | थोकविक्रेता कमिशन प्रति पटी | खूद्रा विक्रेता मूल्य प्रति पटी | खूद्रा विक्रेता कमिशन प्रति पेटी | उपभोक्ता प्रति पेटी मूल्य | उपभोक्ता मूल्य प्रति बोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| KHAJA APPLE, Litchi FLAVOUR Black Wood Extra Dry, Black Wood | ५० | १८० | ६२००.३१ | १८५.३२ | ६३८५.६३ | २१०.१८ | ६५९५.८१ | ३६४.१९ | ६९६०.०० | १४५.०० |
| Premium Globle Extra dry /Day To Night Apple/Banana/ Mango Flavour/ Vandom /Ice Box/ | ५० | १८० | ६०००.३० | १८०.८० | ६१८१.१० | २००.०१ | ६३८१.११ | ३३८.८९ | ६७२०.०० | १४०.०० |
| R.X. XXX,RX Extra Dry EG XXX, EG Extra Dry | ५० | १८० | ५८५०.०१ | १६०.४६ | ६०१०.४७ | २०३.४ | ६२१३.८७ | २६६.१३ | ६४८०.०० | १३५.०० |
| Langghali | ७० | ३०० | १२००.०६ | १००.५७ | १३००.६३ | १५०.२९ | १४५०.९२ | ४९९.०८ | १९५०.०० | ६५.०० |
| Nano Extra Dry (Premium) | ७० | ३०० | ११७५.२० | ८०.२३ | १२५५.४३ | १००.५७ | १३५६.०० | ४४४.०० | १८००.०० | ६०.०० |
| NANO (Orange, Litchi) JUNKIRI( Apple, Orange, Litchi, Lemon) | ७० | ३०० | ११२५.४८ | १००.५७ | १२२६.०५ | १५०.२९ | १३७६.३४ | २७३.६६ | १६५०.०० | ५५.०० |
| RODHI, KANDARA | ७० | ३०० | १०२६.०४ | ८०.२३ | ११०६.२७ | १२०.९१ | १२२७.१८ | २७२.८२ | १५००.०० | ५०.०० |

नोटः माथि उल्लेखित मूल्यमा स्थानिय कर बाहेक अन्तःशूल्क र मू.अ.कर समेत समावेश गरिएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

## हार्दिक श्रद्धाञ्जली

जन्म : २०१३/०५/२४

स्वर्गारोहणः २०८१/०३/२०



**स्व. ऋषिराम ज्ञवाली**

यस श्री ज्ञानज्योति पुस्तकालय बुटवलका पूर्व अध्यक्ष तथा सल्लाहकार, विभिन्न संघ, संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका, सामाजिक व्यक्तित्व **ऋषिराम ज्ञवाली**को स्वर्गारोहण भएको आज ५औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीअर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**टुकबहादुर क्षेत्री**
**अध्यक्ष (एवम्)**
**श्री ज्ञानज्योति पुस्तकालय परिवार**
बुटल-८, सुख्खानगर, रूपन्देही

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# लुम्बिनी इट्टा व्यवसायीको २५औं साधारणसभा

भैरहवा। इट्टा उद्योगीहरु कोभिडयता दिनानुदिन मारमा पर्दै गरेको बताएका छन्। उनीहरुले इट्टा उद्योगहरुलाई धरासायी हुनबाट जोगाउन कर प्रणालीमा छुट तथा राहत प्याकेजहरु ल्याउनु पर्ने बताएका छन्।

लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ रुपन्देहीको २५औं वार्षिक साधारणसभामा बोल्दै २ हजार करोड र कम बढी लगानी रुपन्देहीको इट्टा व्यवसायीहरुले गरेता पनि ओझेलमा पर्दै उद्योगको अवस्था खस्केको छ। ५२ उद्योग रहेको रुपन्देहीमा हाल २२ उद्योगले मात्रै केही उत्पादन गरेका छन्। राज्यले अहिले संरक्षण गर्नुको साटो झन दुःख दिएकोले व्यवसायीहरुले देशको वर्तमान आर्थिक परिवेशले इट्टाको मागमा कमी आउँदा देशभरका सम्पूर्ण उद्योगहरु संकटग्रस्त अवस्थामा रहेको उनीहरुले बताए।

इट्टा उद्योगलाई प्रविधिसँग जोडेर परनिर्भर कोइलाको आयात घटाउनु पर्ने, इट्टाको खपत बढाउन निर्माणमा सरकारी मापदण्डलाई कडाइ गर्नुपर्ने आवाज समेत उनीहरुले उठाएका छन्। उद्योगीको अहिलेको अवस्था स्लिपिङ्ग ट्याब्लेट खाएर सुत्दा पनि निद्रा नपर्ने अवस्था रहेको उनीहरुले जनाए। उनीहरुलेनेपालको एक आत्मनिर्भर उद्योगको रुपमा रहेको इट्टा उद्योगहरुको भविश्य नष्ट हुनबाट जोगाउन बैंकको ऋण भुक्तानीमा केही सहुलियत दिन सरकारसँग आग्रह गरे।

इट्टा उद्योगमा प्रयोग हुने कोइलाको भाउ दोब्बर वृद्धि हुँदा उत्पादन लागत बढेको उनीहरुले बताए। उद्योगलाई प्रविधिसँग जोडेर लागत कम गर्ने र इट्टाको खपत बढाउनका लागि सरकारी मापदण्डमा कडाइ गरिनु पर्ने उद्योगीहरुको आवाज छ। उनलीहरुले कमिसनको चक्करमा इट्टाको सट्टा बोल्डर प्रयोग गर्ने क्रम बढेको भन्दै यसमा सरकारको ध्यानाकर्षण गराए।

संघका केन्द्रीय सदस्य तथा सल्लाहकार हरिप्रसाद अधिकारीले भने-"हामी सरकारलाई कर तिर्न तयार छौं, तर केही समयको लागि उद्योगलाई सास फेर्ने वातावरण बनाउन बैंकको व्याज, सावाँ भुक्तानीमा भाका दिनु पर्‍यो।" सिद्धार्थनगर नगरपालिकाका पूर्व नगरप्रमुख समेत रहेका अधिकारीले परिस्थिति कठिन भयो भनेर भाग्न नहुने र परिस्थितिसँग जुध्दै अघि बढ्न आग्रह गरे। उनले उद्योगी व्यवसायीलाई बैंकको किस्ता र व्याज तिर्न समस्या भएको बताए।

नेपाल इट्टा उद्योग व्यवसायी महासंघ लुम्बिनी प्रदेशका वरिष्ठ सल्लाहकार सफर मियाले इट्टा उद्योग असहज परिस्थितिबाट गुज्रिएको र प्रविधिको विकाससँगै उद्योगलाई प्रविधिमैत्री बनाउनुपर्ने जनाए। 'इट्टा उद्योगमा लगानी भएको अर्बौं रुपैयाँ नष्ट हुनुका साथै व्यवसायीलाई बैंकले सर्वश्व लुट्ने अवस्था छ।'- उनले भने।

कार्यक्रममा लुम्बिनी इट्टा उद्योग व्यवसायी संघका अध्यक्ष अजयकुमार गुप्ताले मागमा अत्याधिक कमी आउँदा इट्टा उद्योगहरु हाल संकटग्रस्त अवस्थामा रहेको बताए। सञ्चालित यी उद्योगहरुको वार्षिक इट्टा उत्पादनमा ५० देखि ६० प्रतिशतसम्म कमी आएको उनले जनाए।

उनले भने-'निर्माण सामग्रीहरुको माग न्यून अवस्थामा रहेकोले विगत २/३ वर्ष अघि उत्पादित इट्टा समेत बिक्रीवितरण हुन नसकी उद्योग परिसरमा नै ठूलो परिमाणमा इट्टा स्टक रहँदा उद्योगी-व्यवसायीहरुमा चरम आर्थिक संकट सृजना भएको छ। यस्तो अवस्थामा उद्योगी-व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको किस्ता र व्याज तोकिएको समयमै बुझाउन सकेका छैनन्।'




संघका महासचिव दीपक पौडेलले इट्टा उत्पादनका लागि भारतलगायत तेस्रो मुलुकबाट आयात गरिने कोइलाको हाल अन्तर्राष्ट्रिय बजारमा भएको अभाव र शतप्रतिशतले मूल्यवृद्धिका साथै अन्य पेट्रोलियम पदार्थहरुको मूल्यमा वृद्धिका कारण इट्टाका उत्पादन लागतमा करिब ४० देखि ५० प्रतिशतसम्म वृद्धि भएको र यसको मागमा कमी हुँदा उद्योगहरु संकटग्रस्त अवस्थामा रहेको बताए। उनले इट्टा उद्योगको संरक्षणका लागि तीनै तहका सरकारले कर प्रणालीमा विशेष छुट एवं राहत प्याकेज ल्याउन माग गरे।

लुम्बिनी प्रेस क्लब, रुपन्देहीकी अध्यक्ष सम्झना शर्माले सञ्चार क्षेत्रले इट्टा उद्योगको समस्या उठान गर्दै आएको बताइन्। उनले इट्टा उद्योगीहरु विभिन्न क्षेत्रको नेतृत्व तहमा पुगेकाले समस्या समाधान गर्न पहल गर्नुपर्ने जनाइन्।

चेम्बर अफ कमर्श (उद्योग व्यापार संगठन), रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठले कोइलाको मूल्यवृद्धि, मजदूरको अभाव, बढ्दो बैंक व्याजदरलगायतका समस्याले इट्टा उद्योग संकटमा परेको बताए। रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले राज्यले उद्योग व्यवसाय सञ्चालनका लागि वातावरण बनाउनुपर्ने र माटो भस्कट पाउन समस्या रहेको बताए। उनले भने-'उद्योगी-व्यवसायी टिक्ने अवस्थामा छैनौ, व्यवसायीहरुलाई गुण्डाको नजरले हेर्ने सरकारको दृष्टी परिवर्तन हुनुपर्छ।'

घरेलु तथा साना उद्योग महासंघ लुम्बिनी प्रदेश अध्यक्ष नेत्र पाठकले इट्टा निर्माण कार्यका लागि नभइ नहुने वस्तु भएको बताए। 'इट्टाले इतिहासको समेत जग जोगाइ राख्छ।'- उनले भने।

कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सदस्य तथा प्रदेश सरकारका पूर्व युवा खेलकुद तथा शिक्षामन्त्री बसिउद्दीन खानले आफू इट्टा उद्योगी भएको नाताले आफ्ना समस्याको उठान गर्ने र त्यसको समाधानको लागि पहल समेत गर्ने प्रतिबद्धता जनाए। उनले भने -'म दोहोरो भूमिकामा छु, इमान्दारिताका साथ समस्या समाधानमा लाग्नेछु। यसका लागि हामी उद्योगी व्यवसायीहरु पनि इमान्दार हुनुपर्छ।'

उनले माटो भस्कटको समस्या समाधन गर्न सक्षम हुने विश्वास व्यक्त गरे। उनले प्रदेश सरकारबाट हुने सहयोगका लागि तयार रहेको बताए।

लुम्बिनी इट्टा उद्योग व्यवसायी संघका अध्यक्ष अजयकुमार गुप्ताको अध्यक्षता, लुम्बिनी प्रदेशसभा सदस्य बसिउद्दीन खाँको प्रमुख आतिथ्यता, संघका प्रथम उपाध्यक्ष अजय अधिकारीको स्वागत तथा महासचिव दीपक पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

**पत्रकारद्वय रायमाझी र ज्ञवाली सम्मानित**

लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ, रुपन्देहीले पत्रकारद्वय कमल रायमाझी र कमल ज्ञवालीलाई सम्मान गरेको छ। संघको समग्र विकासमा सकारात्मक एवं प्रभावकारी ढंगले पत्रकारिताको माध्यमबाट उल्लेखनीय योगदान पुर्‍याएको भन्दै रायमाझी र ज्ञवालीलाई सम्मान गरिएको हो।

भैरहवामा आयोजित संघको २५औं वार्षिक साधारणसभामा दुवै पत्रकारलाई लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व शिक्षामन्त्री बसिउद्दीन खाँ, नेपाल इट्टा उद्योग महासंघका केन्द्रीय सल्लाहकार तथा सिद्धार्थनगर नगरपालिकाका पूर्व नगरप्रमुख हरिप्रसाद अधिकारी, महासंघ लुम्बिनी प्रदेशका वरिष्ठ सल्लाहकार सफर मिया, लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ, रुपन्देहीका अध्यक्ष अजयकुमार गुप्ता, महासचिव दीपक पौडेललगायतले सम्मान गरेका हुन्। उनीहरुलाई नगद रु. ११ हजार, सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको हो।

पत्रकार रायमाझी राष्ट्रिय समाचार समिति (रासस), सगरमाथा टेलिभिजन र लुम्बिनी खबर पत्रिकामा आबद्ध छन्। उनी लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराका प्रेस सल्लाहकार समेत हुन्। त्यस्तै पत्रकार ज्ञवाली बुद्ध सामुदायिक टेलिभिजन, गोरखापत्र र नागरिक अनलाइन डटकममा आबद्ध छन्।

लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ, रुपन्देहीले आफ्नो साधारणसभा तथा अधिवेशनमा पत्रकारहरुलाई सम्मान गर्दै आएको अध्यक्ष अजयकुमार गुप्ताले बताए।

# प्रशासक दत्त घुस रकमसहित अख्तियारको नियन्त्रणमा




**गौरीशंकर जयसवाल**
*परासी*

कारागार कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कार्यरत कारागार प्रशासक (शाखा अधिकृत) विनोदकुमार दत्तलाई घुस रकमसहित अख्तियारले नियन्त्रणमा लिएको छ

सेवाग्राहीलाई काम गरेबापत पाउने सेवा सुविधा दिन सहजीकरण गरिदिने भनी घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलीले आइतबार दत्तलाई नियन्त्रणमा लिएको हो।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार दत्तलाई सेवाग्राहीबाट रु एक लाख रुपैयाँ घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकम र श्रोत नखुलेको रु ५० हजार रुपैयाँसहित कारागार कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा रहेको कारागार प्रशासकको निवासबाट नियन्त्रणमा लिइएको हो। पक्राउ परेका दत्तविरुद्ध थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

# सरूमारानीको वित्तीय प्रगती सार्वजनिक

**राधिका भुसाल**
*प्यूठान*

सरुमारानी गाउँपालिका प्यूठानले योजना तथा कार्यक्रमको वित्तीय प्रगति सार्वजनिक गरेको छ।

प्यूठानको नौ स्थानीय तहमध्ये यस गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ को आफ्नो वित्तीय प्रगती सार्वजनिक गरेको हो। पालिकाले चालु आर्थिक वर्षमा ९० दशमलव ६२ प्रतिशत वित्तीय प्रगती प्राप्त गरेको सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवीराम पाठकले जानकारी दिए ।यस पालिकाको चालू आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजित ४४ करोड १५ लाख २८ हजार ३०७ मध्ये ३५ करोड १७ लाख ३८ हजार ८ सय ९३ रुपियाँ ७८ पैसा अर्थात् ७९.६६ प्रतिशत खर्च भएको प्रमुख देवीराम पाठकले जानकारी दिए। 'गाउँपालिकावासी सम्पूर्ण जनसमुदायको सहयोग र कर्मचारी प्रशासनको मेहनतले यो सफलता प्राप्त गरेका हौं,' प्रशासकीय प्रमुख पाठकले भने-'राजनीतिक नेतृत्वको चासो र सहयोगका साथै कर्मचारीहरुको टिमवर्क, मेहनत, कामप्रतिको लगाव र कानुनको परिपालना गर्दा यो सफलता मिलेको हो।' आगामी आर्थिक वर्षमा यस प्रगतीलाई थप उचाइमा लैजाने हिसाबले काम गर्ने योजना बनाएको उनले बताए।

HYDRABADI
DUM BIRYANI
Quality Lasi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com